# त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

(गाउँ शिक्षा शाखा)

सिम्रुतु खारानेटा, रूकुम (पश्चिम)

६ नं. प्रदेश, नेपाल

website : www.trivenimunrukum.gov.np
e- mail : tribenigp@gmail.com

प.स. २०७४/७५
च.नं. ६६२

मिति : २०७५/०१/०२

**बिषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री त्रिवेणी गाउँपालिका भित्रका सवै विद्यालय
त्रिवेणी........, रूकुम (पश्चिम) ।

प्रस्तुत विषयमा यस त्रिवेणी गाउँपालिका **"गाउँ शिक्षा समिति"**को मिति २०७४ चैत्र ३० गते सम्पन्न बैठकको निर्णय यसै पत्र साथ संलग्न गरी पठाइएको छ, सोही अनुसार गाउँ शिक्षा समितिको निर्णयलाई आगामी गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरि हाललाई कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

"साथै गाउँ शिक्षा समितिले गरेको कक्षा घटवढ तथा दरवन्दि मिलान सम्बन्धिको निर्णय बमोजिम सवै विद्यालयले बिद्यार्थि भर्ना कार्यक्रम सञ्चालन गर्नुपर्ने छ र दरवन्दि मिलान अनुसार शिक्षकहरूको काज व्यवस्थापन गर्न सवै बिद्यालयका शिक्षक तथा बिद्यार्थिहरूको बिवरण संकलन गर्न यस अघि गाउँपालिकाले शैक्षिक तथ्यांक संकलन फारम तहाँ सवै बिद्यालयमा पठाएकोमा केहि बिद्यालयहरूले हालसम्म पनि उक्त फारम भरि नपठाएले सो नपठाउने बिद्यालयले यथाशिघ्र सो फारम भरि गाउँ कार्यपालिकाको कार्यालयमा पठाईदिनु हुन पुनः ताकेता गरिएको छ । उल्लेखित निर्णय तथा निर्देशनको पालना नगर्ने बिद्यालय र प्राध्यानाध्यपक पछि आउने नतिजाको स्वयं जवाफदेहि हुनपर्ने छ ।"

श्री सूचना प्रविधि शाखा
websiteमा राख्नें।
२०७५/०१/०२

..............................
शिक्षा अधिकृत
तारिक पुन मगर
शिक्षा अधिकृत

**त्रिवेणी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७४ चैत्र ३० गते सम्पन्न बैठकका प्रस्ताव तथा निर्णयहरू ।**

## प्रस्तावहरू

१. विद्यालय भर्ना अभियान सम्बन्धमा,
२. शिक्षक विद्यार्थी ड्रेस सम्बन्धमा,
३. शिक्षक तथा वाल विकास (सहयोगी) सहजकर्ता तालिम सम्बन्धमा,
४. प्रधानाध्यापक व्यवस्थानपन सम्बन्धमा,
५. सरोकारवालाले सामुदायीक विद्यालयमा आफ्ना छोराछोरी पढाउने सम्बन्धमा,
६. कक्षा १ मा अंग्रेजी माध्यममा शिक्षण तथा निजि शिक्षक व्यवस्थापन सम्बन्धमा,
७. संस्थागत तथा सामुदायीक विद्यालय अनुगमन तथा निरीक्षण सम्बन्धमा,
८. कम्प्यूटर र कम्प्यूटर शिक्षक अनुदान व्यवस्थापन सम्बन्धमा,
९. विद्यालयको आयव्याय/ शैक्षिक / समग्र प्रगति विवरण चौमासिक रूपमा पेश गर्ने सम्बन्धमा,
१०. मिति २०७४ साल फाल्गुण १४ गतेको निर्णय अनुमोदनका लागी सिफारिस गर्ने सम्बन्धमा,
११. अतिरिक्त त्रियाकलाप सञ्चालन सम्बन्धमा,
१२. शिक्षा समितीको कार्य विभाजन सम्बन्धमा,
१३. नि.शुल्क शिक्षा सम्बन्धमा,
१४. वाल दिवस र शिक्षा दिवस सम्बन्धमा,
१५. वालमैत्री गाउँपालिका घोषणा सम्बन्धमा तथा वा.वि.के.स.का. व्यवस्थापन सम्बन्धमा,
१६. सामुदायिक विद्यालय समायोजन तथा तह/ कक्षा थप घट सम्बन्धमा,
१७. शैक्षिक सामग्री प्रयोग तथा वयवस्थापन सम्बन्धमा,
१८. प्रतिभा पहिचान सम्बन्धमा,

## निर्णयहरू

**निर्णय नं. १.** प्रस्ताव नं. १ मा छलफल गर्दा **रूकुम पश्चिमरूकुमेलीको सान शिक्षामा लगानी स्थानीय सरकारको पहिचान** यहि **वैशाख १० गते भित्र हामी सबैको नानीहरू भर्ना गरौ** भन्ने नारा तथा राष्ट्रिय भर्ना अभियानको नारा **हामी सबैको इच्छा नि.शुल्क र अनिवार्य आधारभुत शिक्षा** भन्ने नारासहित विद्यालय भर्ना अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ मा छलफल गर्दा सामुदायीक विद्यालयमा कार्यरत शिक्षक वाहेक अस्थायी राहत दरवन्दीमा कार्यरत शिक्षकको ड्रेस प्रति शिक्षक ७५०० (सात हजार पाँच सय) का दरले हुन आउने र कक्षा १-५ का सम्पुर्ण विद्यार्थी संख्या एकिन गरी प्रति विद्यार्थी २००० (दुई हजार) का दरले हुन आउने रकम आ.व. ०७५/७६ बाट लागु हुने गरी गाउँ सभाबाट अनुमोदन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ मा छलफल गर्दा सकारात्मक चिन्तन, जिवन उपयोगि सिप, विषयगत शिक्षण विधी, शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम आ.व ०७५/७६ देखी सञ्चालन गर्न तथा स्थानिय सामाग्रीलाई प्राथमिकता दिई शैक्षिक सामाग्री व्यवस्थापन गर्न गाउँ शिक्षा शाखाले सामाजिक विकास समिति तथा गाँउ शिक्षा समिती प्रस्ताव पेश गरी अ.व ०७५/७६ बाट खर्च विनियोजन गर्न गाउँ कार्यपालिकामा प्रस्ताव पेश गर्न सिफारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ मा छलफल गर्दा प्रधानाध्यापक नियुक्ती गर्दा प्र.अ. छनौटका आधारमा/ मौजुदा शिक्षा ऐन, नियमावलि/ शैक्षिक व्यवस्थापन कार्यविधिका आधारमा सम्बन्धित उम्मेदवारले विद्यालय विकास प्रस्तावका पेश गरेको आधारमा प्रधानाध्याप छनौट गरी नियुक्ती गर्ने साथै नियुक्ती पश्चात कार्यसम्पादन करार सम्झौता गर्ने काम सन्तोषजनकनभएमा स्पष्टीकरण सोध्ने र स्पष्टीकरणमा चित्तबुझ्दो नभएमा गाउँ शिक्षा समितीको सिफारिस तथा वि.व्य.स को सिफारिसमा प्रधानाध्यापक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ मा छलफल गर्दा स्थानिय सरकारका जनप्रतिनिधी, शिक्षक, विद्यालय कर्मचारि, विद्यालय व्यवस्थापन समिती, शिक्षक अभिभावक संघका पदाधिकारीले अनिवार्य रूपमा सामुदायिक विद्यालयमा आ-आफ्ना छोराछोरीलाई पढाउनुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ मा छलफल गर्दा कक्षा १ मा नेपाली विषय बाहेक सवै विषयमा (पाठ्यक्रम पाठ्यपुस्तक) अंग्रेजी माध्यममा पठनपाठन गर्न शिक्षक व्यवस्थापनका लागी त्रिवेणी गाउँपालिकाबाट सामुदायीक विद्यालयमा प्रति विधार्थि एकाई लागतका

तारा प्रकाश पुन मगर
शिक्षा अधिकृत एवं सदस्य सचिव,
त्रिवेणी गाँउ शिक्षा समिति

झक्कु प्रसाद घर्ति मगर
संयोजक
त्रिवेणी गाउँ शिक्षा समिति

आधारमा अनुदान प्रदानगर्ने र यस गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयले कक्षा १ मा अनिवार्य रूपमा अंग्रेजी पाठ्यक्रम लागु गर्नु गराउन निर्देशन दिने निर्णय गरियो। साथै यस गाउँपालिका भित्र सञ्चालन भएका आ. तथा माध्यामिक सामुदायिक विद्यालयमा स्थायि/ अस्थायि/ राहत शिक्षक दरवन्दि नभएका विध्यालयलाई प्राथमिकता दिई प्रति बिध्यार्थि एकाई लागतका आधारमा अनुदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ उपर छलफल गर्दा सामुदायीक तथा संस्थागत विद्यालयको अनुगमन गरि मापदण्ड पुरा नभएको अवैधानीक संस्थागत र सामुदायीक विद्यालय बन्द गर्न वा अनुमति प्रदान गर्न गाउ शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो । साथै विद्यालयको समग्रपक्षको समेत अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ मा छलफल गर्दा यस गाउँपालिका भित्र कक्षा ६-८, ६-१० र ६-१२ कक्षा सञ्चालन भएका सामुदायिक विद्यालयलाई १ जना कम्प्युटर शिक्षा भर्नाको लागी बिध्यालयलाई अनुदान पर्दान गर्ने र गाउँपालिकाबाट सोका लागी आवश्यक पर्ने कम्प्युटर खरिद गरि पुर्वाधार पुरा भएका बिध्यालयहरूलाई उपलव्ध गराउन गाउँ कार्यपालिकाको बैठकमा सिफारिस गर्ने र आ.व. ०७५/७६ बाट बजेट विनियोजन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ मा छलफल गर्न यस गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालायका प्रधानाध्यापकले आर्थिक आयव्याय, शैक्षिक प्रगति तथा समग्र चौमासिक प्रगति विवरण गाउँ शिक्षा शाखामा पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. १०.** प्रस्ताव नं. १० मा छलफल गर्दा सामाजिक विकास समितीको मिती २०७४ साल फाल्गुण १४ गतेको निर्णय (१) ड्रेसकोड कायम (२) प्र.अ. बैठक खाजा भत्ता (३) शैक्षिक क्यालेण्डर निर्माण खर्च तत्काल निकासा दिन गाउँ कार्यपालिकाको बैठकमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ मा छलफल गर्दा यस गाउँपालिका भित्रका सवै विद्यालयले प्रत्येक शुक्रवार १ वजे देखि ३ वजेसम्म, सांस्कृतिक (प्रजनन् स्वास्थ्य, वाल विवाह न्यूनिकरण, सचेतनामुलक), नाटक, वक्तित्वकला, कविता, निवन्ध, हाजिरी जवाफ/ हिज्जे प्रतियोगिता/ कार्यक्रम सञ्चालन गरी प्रत्येक विद्यालयलाई अभिलेख राख्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ मा छलफल गर्दा शिक्षा समितीका पदाधिकारीले आफ्नो काम कर्तव्य र अधिकार भित्र रहि विद्यालयको अनुगमन तथा निरीक्षण गर्न तपशिल बमोजिमको कार्य विभाजन गर्न निर्णय गरियो ।

तपशिल

१) त्रिवेणी गाउँपालिका ३,४ र ६ वडा अनुगमनमा लागी मोहन किशोर ओली र लक्ष्मण वि.क

२) त्रिवेणी गाउँपालिका १,२ र ५ वडा जनक कुमार वि.क र मोतिराम ओली

३) त्रिवेणी गाउँपालिका ८ र ७ टेक बहादुर ओली र नेपाल शिक्षक महासंघ त्रिवेणी गा.पा प्रतिनिधि वा अध्यक्ष

४) त्रिवेणी गाउँपालका ९ र १० वडा निर्मला विष्ट खड्का र तारा प्रकाश पुन मगर

**निर्णय नं. १३.** प्रस्ताव नं. १३ मा छलफल गर्दा नेपालको संविधानको मौलिकहकको कार्यन्वयन गर्न र निःशुल्क शिक्षाको व्यवस्थापन गर्न आगामि आ.ब. २०७५/७६ मा गाउँकार्यपालिकाबाट वजेट विनियोजन गर्न सिफारिस गर्ने तथा कक्षा ११ र १२ सञ्चालन दिवा शत्रमा मात्र सञ्चालन गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४.** प्रस्ताव नं. १४ मा छलफल गर्दा अन्तर विद्यालय प्रतियोगिता वाल दिवस र शिक्षा दिवस मनाउन आ.व. ०७५/७६ बाट बजेट विनियोजन गर्न त्रिवेणी गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५.** प्रस्ताव नं. १४ मा छलफल गर्दा वालमैत्री त्रिवेणी गाउँपालिका घोषणा गर्न सरोकारवाला सँग छलफल आवश्यक मापदण्ड तयार गरि आवश्यक मापदण्ड तयार गरी आवश्यक पहल गर्न त्रिवेणी गाउँ कार्यपालिकामा आ.व. ०७५/७६ मा बजेट विनियोजन गर्न सिफारिस गर्ने निर्णय गरियो। बालविकास सहजकार्ता नभएको विद्यालयमा वाल विकास सहजकार्ता प्रति विद्यार्थी लागत आधारमा अनुदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६.** प्रस्ताव नं. १६ मा छलफल गर्दा विद्यालय शिक्षा कार्यन्वयन कार्यविधि, त्रिवेणी गाउँपालिका विद्यालय समायोजन तथा तह/कक्षा थप घट सम्बन्धी प्रस्तावना, विधार्थी विवरण अनुगमन रिपोर्ट, विधार्थी संख्या, दरवन्दी संख्या, भौगोलिक सुगमता,

तारा प्रकाश पुन मगर
शिक्षा अधिकृत एवं सदस्य सचिव
त्रिवेणी गाँउ शिक्षा समिति

झक्कु प्रसाद घर्ति मगर
संयोजक
त्रिवेणी गाउँ शिक्षा समिति

## त्रिवेणी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७४ चैत्र ३० गते सम्पन्न बैठकका प्रस्ताव तथा निर्णयहरू ।

school level EMIS 2074 को आधारमा तपशिल बमोजिमका विद्यालय समायोजन तथा तह/कक्षा घटाउन पर्ने र शिक्षक काज व्यवस्थापन गर्न तपशिलको विद्यालयबाट अनेत्र काज खटाउन घटाउन तथा बिध्यालय समायोजनका लागी अनुमोदन गर्न गाउँ कार्यपालिकाको बैठकमा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | तह घटाउनु पर्ने विद्यालय | हाल सञ्चालित कक्षा | शै.स. ०७५/७६ बाटसञ्चालन हुने कक्षा | अन्यन्त्र काज व्यवस्थापन गर्नुपर्ने स्थायी शिक्षकको संख्या |
|---|---|---|---|---|
| १ | सिस्ने जनता आ.वि त्रिवेणी १ वल्ले | १-५ | १-३ | |
| २ | वालकल्याण आ.वि त्रिवेणी १ भेडाखर्क | १-५ | १-३ | १ |
| ३ | सरस्वती आ.वि हरलेखारा | १-५ | पुर्णागाउँ समायोजन/ मर्ज हुने | ४ (सवै स्थायी शिक्षकको काज व्यवस्थापन हुने ।) बा.वि.के कायम गर्ने । |
| ४ | चन्द्रसुर्य आ.वि पुर्णागाउँ | १-५ | १-५ | यथावत |
| ५ | वालचेतना आ.वि कालिमाटि पोखरी | १-५ | १-३ | |
| ६ | बालचेतना आ.वि थारेघर (त्रिवेणी ४ ) | १-५ | १-३ | |
| ७ | वालकल्याण आ.वि ज्यालङ्गा (त्रिवेणी ४) | १-५ | १-३ | १ |
| ८ | नमुना आ.वि त्रिवेणी ५ तमाकछरे | १-६ | १-५ | |
| ९ | अन्धनासक मा.वि त्रिवेणि ४ खुम्चेरी | १-१२ | १-१२ | कक्षा १-५ को दरवन्दीबाट १ |
| १० | जनशक्ति मा.वि विताडाडाँ | १-११ | १-१० | शै.स. २०७५ साउन देखि कक्षा ११ मा भर्ना नलिन । |
| ११ | जनज्योति आ.वि त्रिवेणी ६ सल्लेरी डाडाँ | १-५ | १-३ | २ |
| १२ | जनचेतना आ.वि त्रिवेणी ६ खोरवारे | १-५ | १-३ | |
| १३ | वालबोध आ.वि त्रिवेणी ७ भुर्तिवाङ | १-५ | १-३ | १ |
| १४ | साधारण मा.वि मुरूडाडाँ | १-१२ | १-१२ | कक्षा १-५ बाट १ |
| १५ | शुभ प्रभात आ.वि त्रिवेणी ८ पेउघाडाडाँ | १-८ | १-५ | |
| १६ | नवज्ञानोदय आ.वि त्रिवेणी ८ गोठिवाङ | १-५ | १-३ | |
| १७ | दिपज्योति आ.वि त्रिवेणी ९ माझगाउँ | १-५ | १-३ | |
| १८ | वालविकास आ.वि. त्रिवेणी १० भानिपोले | १-५ | १-३ | |
| १९ | दिव्यचच्छु मा.वि तलिगाउँ रूघा | १-१० | १-१० | कक्षा १-५ बाट १ |

**निर्णय नं. १७.** प्रस्ताव नं. १८ मा छलफल गर्दा बालशिक्षा देखी कक्षा १२ सम्म स्थानिय शैक्षिक सामाग्रि तथा प्रयोग गर्न प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गर्न त्रिवेणी गाउँपालिकालाई आ.व. ०७५/७६ बाट खर्च विनियोजनगर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८.** यस त्रिवेणी गाउँपालिकामा अध्ययनरत विधार्थीहरूको प्रतिभा पहिचान गर्न त्रैमासिक रूपमा गाउँपालिकाले विभिन्न विधामा अन्तर विद्यालय स्तरिय प्रतिभा पहिचान/ अतिरिक्त त्रियाकलाप कार्यक्रम सञ्चालन गर्न आगामी आर्थिक वर्षमा आवश्यक वजेट विनियोजनका लागी गाउँपालिकामा सिफारीस गर्नेनिर्णय गरियो ।

तारा प्रकाश पुन मगर
शिक्षा अधिकृत एवं सदस्य सचिव,
त्रिवेणी गाँउ शिक्षा समिति

झक्कु प्रसाद घर्ति मगर
संयोजक
त्रिवेणी गाउँ शिक्षा समिति